**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री वासुदेव खनाल**

**फैसला**

२०७९/०८० सालको निर्णय नं. ४०२

पुनरावेदन नं. ०७४-RB-००८३

पुनरावेदन दर्ता मितिः २०७४।०७।१३

**मुद्दाः– मूल्य अभिवृद्धि कर (२०६७/०६८)।**

का.जि.का.म.न.पा. वडा नं. ६, बौद्धस्थित तारागाउँ रिजेन्सी होटल्स लिमिटेड (स्थायी लेखा नं. ३०००५२६३७) को तर्फबाट ऐ.को अधिकार प्राप्त विकास अग्रवाल.........................................................................................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.............................................. १ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री शंकर प्रसाद खरेल

शुरु कार्यालयको निर्णय मितिः २०७१/११/२७

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री रमण कुमार कर्ण

प्रत्यर्थी कार्यालयका तर्फबाट : विद्धान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः** ×

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७१/११/२७ मा भएको अन्तिम कर निर्धारणको आदेश उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट ६० दिनभित्र निर्णय

दिनु पर्नेमा निर्णय दिएको सूचनाको जानकारी हालसम्म नआएको भनी विभागलाई सूचना दिई राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको र यसै न्यायाधिकरणको अधिकार क्षेत्र भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री तारागाउ रिजेन्सी होटेल लिमिटेड काठमाडौको आर्थिक वर्ष २०६७/०६८ को पूर्ण कर परिक्षण गरी सोको मूल्य अभिबृद्धि कर तर्फको कर लेखा परीक्षण सम्पन्न भै पेश भएको प्रतिवेदन समेतको आधारमा मूल्य अभिबृद्धि कर ऐन २०५२ को दफा २०(१) तथा मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम २९ (१) वमोजिम कर, थप दस्तुर, ब्याज र जरिवाना समेत जम्मा रू १२,७८,३४७।- को ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७१/११/१२ मा जारी भएको प्रारम्भिक कर निर्धारणको सूचना।

२. करदाता श्री तारागाउ रिजेन्सी होटेल लिमिटेडले ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७१/११/१२ मा जारी भएको प्रारम्भिक कर निर्धारण आदेश मिति २०७१/११/१३ मा बुझि करदाताले मिति २०७१/११/२६ मा म्याद भित्रै सो आदेशमा उल्लेखित ब्यहोराको जवाफ तथा प्रतिक्रिया पेश गरेको।

३. करदाता श्री तारागाउ रिजेन्सी होटेल लिमिटेडको आ.व. २०६७/०६८ को लागि ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताका नाममा जारी भएको प्रारम्भिक कर निर्धारण आदेश बमोजिम नै मूल्य अभिवृद्धि कर रू.६,७४,४८०।- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा २९(१क) अनुसार जरिवाना रू.१,६८,६२०।- दफा १९ को थप दस्तुर रू. १,७९,४३०।- र दफा २६ को व्याज रू. २,६९,७९२।- समेत जम्मा रू.१२,९२,३२२।- को मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने ठहर्छ भनी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७१/११/२७ मा भएको अन्तिम कर निर्धारणको निर्णय पर्चा।

४. ठूला करदाता कार्यालय, ललितपुरले आ.व. २०६७/०६८ को मिति २०७१/११/२७ मा जारी गरेको मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेश तथा अन्तिम कर निर्धारण गर्न लिएको निर्णयाधार त्रुटिपूर्ण रहेकोले बदर गरी अवाञ्छित कर दायित्त्व, शुल्क र जरिवानाबाट मुक्त गरी न्याय पाउँ भन्ने जिकिर लिइ श्री तारागाउं रिजेन्सी होटल्स लि. ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७२/०२/०१ मा आन्तरीक राजस्व विभागमा निवेदन पेश गरेको।

५. निवेदक करदाता श्री तारागाउ रिजेन्सी होटेल लिमिटेडले आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि दिएको निवेदनमा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा

३१क. को उपदफा (४) बमोजिम निवेदन दर्ता भएको ६० दिनभित्र निवेदन उपर निर्णय दिनुपर्नेमा त्यस्तो निर्णय भएको जानकारी प्राप्त नभएकाले सोही दफाको उपदफा (५) बमोजिम राजस्व न्यायाधिकरण, काठमाण्डौमा पुनरावेदन गर्न जाने ब्यहोराको जानकारी निवेदकले यस विभागमा मिति २०७५/०४/३१ दर्ता नं. १७०१ को निवेदनबाट गराएको फाइलसाथ संलग्न निवेदनबाट देखिएको हुदां मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३१क. को उपदफा (४) मा निवेदन दर्ता भएको ६० दिनभित्र विभागले निवेदन उपर निर्णय दिनुपर्ने र सोही दफाको उपदफा (५) मा उपदफा (४) बमोजिमको म्यादभित्र बिभागले निर्णय नदिएमा सम्बन्धित व्यक्तिले राजस्व न्यायाधिकरणमा पुनरावेदन दिनसक्ने ब्यबस्था रहेको छ। ऐनको उपरोक्त ब्यबस्था बमोजिम निवेदकले यस विभागमा दर्ता गराएको निवेदनबाट आफुले बिभागमा दर्ता गराएको प्रशासकीय पुनरावलोकनको निर्णयको सूचना प्राप्त नगरेको हुंदा राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न जाने ब्यहोरा जानकारी गराएको हुंदा प्रस्तुत निवेदनको तथ्यमा प्रवेश गरी निर्णय दिन मिल्ने देखिएन निवेदनको लगतबाट कट्टा गर्ने भनी आन्तरिक राजस्व विभागबाट मिति २०७५/०५/०८ मा भएको निर्णय।

६. पुनरावेदक करदाता श्री तारागाउ रिजेन्सी होटेल लिमिटेडले ठूला ठूला रकमको निर्माण कार्य गर्दा मू.अ.करमा दर्ता भएको फर्म मार्फत नै गर्ने गरेको व्यहोरा जानकारी गराउदछौं। यस कम्पनीको सम्पत्ति भवन अन्तर्गत विभिन्न भवन, पर्खाल, टहरा बगैचा तथा पार्किङ्गको स्थिर प्रकृतिको निर्माण संरचनाहरु सानातिना रकमको निर्माण सम्बन्धि कार्यहरु जस्तो कि पर्खाल थप्ने, बगैचा बनाउने, पानी निकास गर्ने/कटाउने टहराहरु बनाउने इत्यादी कार्यहरु पटक पटक गरिरहनु पर्ने हुन्छ जुन अग्रिम रुपमा यकिन हुदैन। यस किसिमको सानातिना कामहरु यस कम्पनी आफैले सामान खरिद गरी गर्ने गराउने गरेको हुनाले त्यसमा मू.अ.कर ऐन २०५२ को दफा ८(३) आकर्षित नहुने र यस कम्पनीले आफ्नो व्यापारलाई प्रवर्द्धन गर्नको लागि कर्मचारी **Motivation** वापत गरेको खर्चमा तिरेको मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १७ (१) बमोजिम कट्टी गर्न पाउने भएकोले उल्लेखित दफाको अधिनमा रही मू.अ.कर कट्टी दावि गरिएको हुनाले उक्त मु.अ. कर वापतको कर कट्टी दावि पाउनु पर्ने हुन्छ। यस सम्बन्धी ताँहा कार्यालयवाट भएको पुर्व निर्णयहरु श्री राजस्व न्यायाधिकरण काठमाण्डौंबाट मिति २०७०/११/१३ को निर्णयबाट बदर भैसकेको अवस्थामा ताँहा कार्यालयको उल्लेखित जिकिर स्वतः कानून प्रतिकुल रहेकोले विपक्षी कार्यालयबाट भएको आयकर निर्धारण आदेश र सो सम्वन्धि निर्णय पर्चा तथा आन्तरिक राजस्व विभागबाट प्रशासकीय पुनरावलोकन सम्वन्धी भएको निर्णय वदर गरी आवाञ्छित कर दायित्व, शुल्क, जरिवानाबाट मुक्त गरी न्याय निसाफ गरी पाउ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०७४/०७/१३ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।०५।१६ मा भएको आदेश।

८. यसमा पुनरावेदक करदाताको तर्फबाट अधिवक्ता श्री रमण कुमार कर्णले काठमाडौ बाहिर रहेको कारण देखाई पेसी स्थगनको निवेदन पठाउनु भएकोले आजको सुनुवाई गर्न मिलेन। प्रस्तुत मुद्दा अन्तिम पटकको लागि स्थगित गरिदिएको छ। प्रस्तुत मुद्दा र लगाउका मुद्दामा समेत ५ वर्ष पुरानो भईसकेको हुँदा अर्को पेसीमा सुनुवाईको सुनिश्चितताको लागि सबै मुद्दा १५ दिनभित्र दुवै पक्षबाट लिखित बहस नोट पेश गर्न लगाई नियमानुसार पेश गर्नू भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।१२।१३ मा भएको आदेश।

९. करदाताले Employee Restaurant Food Cost शिर्षक अन्तर्गत रु.२,१५,०७,१९६।- खर्च देखाएको मध्ये रु.४०,४९,४५३।- को मू. अ. कर लाग्ने वस्तु खरिद गरी होटलमा कार्यरत कर्मचारीहरुको सामुहिक खानामा self-consumption गरेको देखिएको, सो मूल्यको वस्तुमा मु.अ.कर क्रेडिट समेत लिइसकेको, सो रकममा करदाताले मू.अ.कर विजक जारी गरी असूल गरेको नदेखिएको, आन्तरिक राजस्व विभागको मिति २०५६/१२/१३ को परिपत्र बमोजिम त्यस्तो आपूर्तिमा प्रयोग भएको कर लाग्ने वस्तुहरुको कर कट्टी गरेको भए सो कर कट्टी गर्न नदिने भन्ने व्यवस्था भएको हुनाले माथि विवेचित तथ्य एवं कानूनी आधारबाट ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७१/११/२७ मा भएको मु.अ.कर तर्फको अन्तिम कर निर्धारणको निर्णय मिलेको हुँदा सदर गरी पाउँ भनी प्रत्यर्थी कार्यालयको तर्फबाट विशेष सरकारी वकील कार्यालय, काठमान्डौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले मिति २०७९/१२/२१ मा यस न्यायाधिकरण पेश गर्नुभएको लिखित बहस नोट।

१०. कम्पनीले आफैले सामान खरिद गरी गर्ने गराउने निमार्ण कार्यमा ऐनको दफा ८(३) आकर्षित हुँदैन। करदाताले कर्मचारी Motivation वापत तिरेको मूल्य अभिवृद्धि कर दफा १७(१) बमोजिम कट्टी गर्न पाउने नै हुन्छ। त्यसैले विवेचित तथ्य एवं कानूनी आधारबाट ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७१/११/२७ मा भएको मू.अ.कर तर्फको अन्तिम कर निर्धारणको निर्णय मिलेको नहुँदा बदर गरी पाउँ भन्ने समेत व्यहोराको पुनरावेदक तर्फका विद्वान अधिवक्ता श्री क्षेतेन लामाले मिति २०८०।०१।१७ मा पेश गरेको लिखित बहसनोट।

११. प्रस्तुत मुद्दा र लगाउका मुद्दाहरुमा पुनरावेदक करदाताको तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री रमण कुमार कर्णको शुरुवाती बहस सकिएको भएपनि प्रत्यर्थी तर्फका विद्धान सहायक न्यायाधिवक्ताको बहस बाँकी रहेकोले अब सुनुवाई सम्पन्न गर्न आज समयको अभाव भएको हुँदा प्रस्तुत मुद्दा हेर्दाहेर्दैमा राखिदिएकोछ। मिति २०८०।२।८ गते सोमबारको पेसीमा चढाई नियमानुसार पेश गर्नू भन्ने यस न्यायाधिकरणबाट मिति २०८०।२।१ मा भएको आदेश।

## ठहर खण्ड

१२. नियम बमोजिम हेर्दाहेर्दैमा राखी आजको पेसी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न पुनरावेदन पत्र, प्रत्यर्थी ठूला करदाता कार्यालयबाट प्राप्त हुन आएको शुरु मिसिल लगायतका अन्य कागजातहरु समेत अध्ययन गरी पुनरावेदक करदाता तारागाँउ रिजेन्सी होटल्स कम्पनी लिमिटेडका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री रमणकुमार कर्णले ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट भएको अन्तिम कर निर्धारण आदेश त्रूटिपूर्ण रहेको हुँदा सो आदेश बदर गरी पुनरावेदन मागदावी बमोजिम गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकीलको कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट भएको अन्तिम कर निर्धारण आदेश विधिसम्मत रहेको हुँदा शुरु कर कार्यालयको निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१३. करदाताबाट लिइएको पुनरावेदन जिकिर, दुवै तर्फका विद्वानहरुबाट प्रस्तुत बहस बुदाँहरु एवं लिखित बहसनोट तथा मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय ललितपुरबाट करदाताको हकमा भएको आ.व. २०६७।६८ को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारणको आदेश मिलेको छ, छैन? करदाताको जिकिर पुग्न सक्छ, सक्दैन भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१४. निर्णय तर्फ विचार गर्दा, पहिलो पुनरावेदन जिकिर करदाताले आफैले सामान खरिद गरी निर्माण कार्य गरे गराएकोमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) आकर्षित हुँदैन त्यसैले ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मूल्य अभिवृद्धि कर निर्धारण गरेको त्रूटिपूर्ण भन्ने जिकिर लिएको पाइन्छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) मा "व्यावसायिक प्रयोजनको लागि निर्माण गरिने पचास लाख रुपैयाँभन्दा बढीको भवन वा अपार्टमेन्ट वा सपिङ्ग कम्प्लेक्स वा विभागले तोकेका यस्तै प्रकारका अन्य संरचना दर्ता नभएको व्यक्तिबाट निर्माण गराएको भए तापनि त्यस्तो निर्माण दर्ता भएको व्यक्तिबाट गराए सरह मानी कर दाखिला गर्नुपर्नेछ। त्यसरी दाखिला नगरेमा सो संरचनाको स्वामित्व रहेका व्यक्तिबाट कर निर्धारण गरी असूल उपर गरिनेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ भने सोको स्पष्टिकरणमा "यस उपदफाको प्रयोजनको लागि "व्यावसायिक प्रयोजन" भन्नाले भवन, अपार्टमेन्ट, सपिङ्ग कम्प्लेक्स वा विभागले तोकेका अन्य यस्तै संरचना निर्माण गरी विक्री गर्ने एवं त्यस्ता संरचना चालू वा स्थायी सम्पत्तिको रुपमा लेखाङ्कन गरी आय आर्जनमा उपयोग गर्ने कार्य सम्झनु पर्छ" भन्ने व्यवस्था रहेको पाइन्छ । साथै मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ख. मा "कुनै व्यक्तिले व्यावसायिक प्रयोजनको लागि पचास लाख रुपैयाँभन्दा बढी लागतको भवन, अपार्टमेन्ट, सपिङ्ग कम्प्लेक्स वा विभागले तोकेको अन्य यस्तै प्रकारका संरचना निर्माण गर्दा दर्ता भएको व्यक्तिबाट मात्र गराउनु पर्नेछ" भन्ने कानूनी व्यवस्था समेत रहेको देखियो।

१५. करदाताले यस आ.व. २०६७।६८ मा रु.९३,८२,८५७।- बराबरको भवन निर्माण गरेकोमा रु. ७८,७४,८२६। - बराबरको निर्माण कार्य दर्ता भएको फर्मबाट ठेक्का मार्फत गराएको र रु. ३,६९,१८०। - वापतको सामाग्री मूल्य अभिवृद्धि कर विजकबाटै खरिद गरेको भएपनि रु.११,३८,८५१। - बराबरको खरिद मूल्य अभिवृद्धि कर विजक वाहेक नै गरेको तथ्यमा विवाद देखिएन। यस स्थितिमा मूल्य अभिवृद्धि कर विजक विना नै खरिद गरेको सेवा वा बस्तु वापतको मूल्य अभिवृद्धि कर बुझाउने दायित्व भवनको स्वामित्ववाला यी करदातामा नै रहेकोले यसमा ऐनको दफा ८(३) आकर्षित नहुने भनी लिएको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

१६. पुनरावेदन पत्रमा लिएको दोस्रो जिकिर करदाताले होटलमा कार्यरत कर्मचारीलाई उपलब्ध गराएको खाना वापत भएको खर्चसँग सम्बन्धित कर कट्टी अमान्य गरेको विषयमा देखिन्छ। करदाताले उक्त खर्च कर्मचारीलाई काममा उत्प्रेरित गर्नको लागि दिएकोले त्यस्तोमा तिरेको मूल्य अभिवृद्धि कर कट्टी गर्न पाउनु भन्ने जिकिर लिएको पाइन्छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ को खण्ड (क) मा "नेपाल भित्र आपूर्ति भएका वस्तु वा सेवामा समेत मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था गरेको र सोही ऐनको दफा १४ ले प्रत्येक दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई वीजक दिनु पर्नेछ" भन्ने व्यवस्था समेत गरेको पाइन्छ। करदाताले Employee Restaurant Food Cost शिर्षक अन्तरगत जम्मा रु.२१५,०७,१९६।- खर्च देखाएको देखिन्छ भने सो मध्ये रू.४०,४९,४५३।- को मू. अ. कर लाग्ने वस्तु खरिद गरी होटलमा कार्यरत कर्मचारीहरूको समूहिक खानामा Self Consumption गरेको देखिएको र सो मूल्यको वस्तुमा मूल्य अभिबृद्धि कर क्रेडिट समेत लिइसकेको र सो रकममा करदाताले मूल्य अभिबृद्धि कर असूल गरेको नदेखिएको हुँदा आन्तरिक राजस्व विभागको मिति २०५६।१२।१३ को परीपत्र बमोजिम त्यस्तो आपूर्तिमा प्रयोग भएको कर लाग्ने वस्तुहरूको कर कट्टी गरेको भए सो कर कट्टी गर्न नदिने भन्ने व्यवस्था भएकोले रु.४०,४९,४५३।- को १३ प्रतिशतले हुने मूल्य अभिबृद्धि कर रू.५,२६,४२९।- मूल्य अभिबृद्धि कर ऐन २०५२ को दफा २०(१)(घ) बमोजिम अन्तिम कर निर्धारण गरी सोही ऐनको दफा २९(१क) बमोजिम २५ प्रतिशतले हुने जरीवाना समेत असूल गर्ने गरी ठूला करदाता कार्यालयबाट निर्णय भएको देखिन्छ।

१७. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ को उपदफा (१) मा दर्ता भएको व्यक्तिले आफ्नो कर लाग्ने कारोबारसँग सम्बन्धित बस्तु वा सेवा आयात वा प्राप्त गर्दा तिरेको वा तिर्नुपर्ने करको रकम आफूले उठाएको करको रकमबाट कट्टी गर्न सक्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ। करदाताले यो आ.व. २०६७।६८ मा रु.४०,४९,४५३। - बराबरको मूल्य अभिवृद्धि कर लाग्ने बस्तु होटलमा कार्यरत कर्मचारीहरुको सामूहिक खानामा Self Consumption गरेको हुँदा त्यस्तो बस्तुको खरिदमा करदाताले मूल्य अभिवृद्धि कर तिरेको भएपनि त्यस्तो बस्तुबाट तयार खाना विक्री गरी मूल्य अभिवृद्धि कर नउठाएको हुँदा त्यस्तो

मूल्य अभिवृद्धि कर नै नउठाए बराबरको बस्तु खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि कर फिर्ता लिनु कानून सम्मत देखिन आउँदैन। यस अवस्थामा कानून विपरीत मूल्य अभिवृद्धि कर कट्टी लिएको पुष्टि भएको हुँदा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१)(घ) बमोजिम अन्तिम कर निर्धारण गरेको निर्णयलाई अन्यथा भन्न मिलेन।

१८. तसर्थ, माथि विवेचित आधार एवं कारण समेतबाट करदाता श्री तारागाउँ रिजेन्सी होटल्स लिमिटेड (स्थायी लेखा नं. ३०००५२६३७) को आ. ब. २०६७।०६८ को मूल्य अभिबृद्धि तर्फ अन्तिम कर निर्धारण गरी ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७१।११।२७ मा भएको निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

**तपसील खण्ड**

१. फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकील कार्यालय काठमाडौलाई दिनू।
२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनु।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, हरिहरभवनमा पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः श्री भिष्म भट्टराई
ईति सम्वत् २०८० साल जेष्ठ ८ गते रोज २ शुभम् ----------------------
फैसला प्रमाणिकरण गर्नेः-
फैसला प्रमाणिकरण मितिः- राजस्व न्यायाधिकरण काठमाडौंको छाप